# सूचना ! सूचना !! सूचना !!!

विश्वभरी फैलिरहेको कोभिड-१९ (कोरोना भाईरस) को महामारीवाट सुरक्षित रहन गरिएको बन्दाबन्दीको अवधीमा यस अदालतवाट सम्पादन हुँदै आएका कार्यका अतिरिक्त देहाय बमोजिमका थप कार्य समेत सम्पादन गर्ने भन्ने यस रोल्पा जिल्ला अदालतमा मिति २०७७/०३/०४ गते वसेको वार बेन्चको बैठकवाट निर्णय भएको र सो निर्णय मिति २०७७/०३/०७ गते आईतवार देखि कार्यान्वयन हुने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>निर्णयहरुः</u>

१. सम्मानित सर्वोच्च अदालतको कोभिड-१९ को कारण भएको बन्दाबन्दी खुलेपछि अदालतहरुको व्यवस्थापन सम्वन्धी रणनितिहरुको प्रतिवेदन २०७७ अध्ययन भई छलफल समेत भयो उक्त रणनितिहरु यथासम्भव आ-आफ्नो क्षेत्रवाट अनुसरण गर्ने
२. सरकार वादी भएका मुद्दामा प्रतिवादी चुक्ता भईसकेको, प्रतिवादी तारिखमा नरहेको, अङ्ग पुगेको र मुद्दा पूपर्क्षको सिलसिलमा प्रतिवादी थुनामा रहेको मुद्दामा सुनुवाई गर्ने।
३. मुद्दा पूपर्क्षको सिलसिलामा वाल सुधार गृहमा रहेका नाबालकको अङ्ग पुगेको मुद्दामा सुनुवाई गर्ने ।
४. कसूर कायम भईसकेको तर सजाय निर्धारण हुन बाँकी रहेको मुद्दामा सुनुवाई गर्ने ।
५. लकडाउन प्रारम्भ हुनु भन्दा पूर्व नै गुज्रेको तारिख थाम्ने थमाउने अवधि बाँकी नरहेको मुद्दामा डिसमिस, तामेली कार्य गर्ने ।
६. अभियोग दर्ता हुँदा प्रतिवादी फरार रहेका र लकडाउन प्रारम्भ हुनु अघि थाम्ने थमाउने अवधि समाप्त भई सकेको अङ्ग पुगेको मुद्दामा सुनुवाई गर्ने ।
७. दुवै पक्ष उपस्थित भई संयुक्त दरखास्त दिई मिलापत्र गर्न चाहेमा दुनियावादी (चालु) मुद्दामा मिलापत्र गर्ने र मुद्दा फिर्ता गर्न चाहेमा मुद्दा फिर्ता गर्ने ।
८. यस अदालतले पुनरावेदन हेर्ने निकायले गरेका आदेश वा निर्णय उपर परेका निवेदनको सुनुवाई गर्ने ।
९. प्रतिवादी नपरेको एकतर्फी सुनुवाई हुने देवानी मुद्दाको सुनुवाई गर्ने ।
१०. अन्य विषयमा वार र बेन्चको बैठक बसी पछि निर्णय गर्ने।

श्रेस्तेदार
उप-सचिव